नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

सन्ध्या मिस टिन एसईई

तस्वीर : सुदीप पोखरेल

स्टार वन इन्टरटेनमेन्टले एसईईका किशोरीहरूमाझ राजधानीमा आयोजना गरेको *मिस टिन एसईई*-२०१८ मा सन्ध्या सिग्देलले उपाधि चुमेकी छिन्। बालकृष्ण पोखरेलको संयोजन तथा अश्विनी झाको कोरियोग्राफी र कार्यक्रम सञ्चालनमा सम्पन्न प्रतियोगितामा सन्ध्याले प्रमुख उपाधिका साथमा *मिस ब्युटिफुल, मस्ट फोटोजेनिक* र *सोसियल्ली रेस्पोन्ससिवल* उपउपाधिलाई पनि आफ्नो बनाएकी छिन्। प्रतियोगिताको प्रमुख उपाधिमा आफ्नो नाम घोषणा भएपछि सन्ध्याले खुसीले मञ्चमै आँसु झारेकी थिइन्।

राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा हालै सम्पन्न प्रतियोगितामा एलिसा लामिछाने *फस्ट रनर्सअप*सहित *बेस्ट फिजिक*, यजु तामाङ *मस्ट डिसिप्लिन*, उच्चता मगर *बेस्ट डान्सर*, ललिता वली *बेस्ट हेयर*, रानिका खनाल *मस्ट फ्रेन्डली*, कामना घिमिरे *सोसल वेलफेर एम्बेस्डर*, सोफिया तण्डुकार *मिस टचालेन्ट*, सोनिया श्रेष्ठ *मस्ट आइकोनिक आइज*, श्रेया कार्की *बेस्ट स्किन*, जस्मिन थापा मगर *मस्ट गर्जियस* जस्मीन शाह *बेस्ट पर्सनालिटी*, याहाना राई *मस्ट फिटनेस* र पृष्मा लुईटेल *बेस्ट स्पिच*, भएका छन्।

प्रतियोगिताको आयोजक संस्था स्टार वन इन्टरटेनमेन्टकी अध्यक्ष पूजा निरौलाले एसईईका विद्यार्थीको व्यक्तित्व र आत्मविश्वास वृद्धिका लागि प्रतियोगिता आयोजना गरिएको र प्रतियोगिता सहभागी सबैका लागि प्रभावकारी भएको विश्वास व्यक्त गरिन्।

कायरा जोडी

आर्यन सिग्देल र साम्राज्ञी राज्यलक्ष्मी शाह जोडी बाँधिएको फिल्म *कायरा*को ट्रेलर सार्वजनिक गरिएको छ। ट्रेलरमा पूर्णतया म्युजिकल लभस्टोरी छ। पहिलोपटक स्क्रिन शेयर गरेका आर्यन र साम्राज्ञीको जोडी ट्रेलरमा आकर्षक देखिएको छ।

ट्रेलरमा धेरै संवादको प्रयोग गरिएको छ। म्युजिकल लभस्टोरी भएकै कारण ट्रेलरमा लभ संवाद र गीतलाई प्राथमिकता दिइएको फिल्मका निर्देशक लक्ष्मण रिजालले बताए। लभर ब्वाईको इमेज बनाएका आर्यनलाई यो फिल्मको ट्रेलरमा पनि लभर ब्वाईकै रूपमा देखिएका छन् र पनि आफूलाई यसपटक अघिल्ला फिल्मको तुलनामा भिन्न पाइने दाबी आर्यनले गरे। 'लभर ब्वाई भए पनि यसमा मैले आफूलाई पहिलेभन्दा निखारेको छु। संगीतमा रम्ने एक प्रेमिल युवकको रूपमा म छु', आर्यनले भने- 'आशा छ दर्शकले मन पराइदिनु हुनेछ।' साम्राज्ञीले पहिलोपटक आर्यनसँग स्क्रिन शेयर गर्न पाउँदा रमाइलो महसुस भएको बताइन्।

आर्यनको फिल्म निर्माण कम्पनी आर्यन सिग्देल इन्टरटेनमेन्ट र आर एन्ड आर प्रोडक्सनको ब्यानरमा निर्मित फिल्ममा कार्यकारी निर्माता राजकुमार भट्ट रहेका छन्। आर्यनकै कथा लेखन रहेको फिल्ममा केदार भुसालको पटकथा र संवाद छ। फिल्मका निर्माता निर्देशक लक्ष्मण रिजाल पनि हुन् भने दिनेश थापा र दिवस पराजुली सहनिर्माता रहेका छन्। आगामी साउन १८ गते रिलिज हुने फिल्ममा कोशिष क्षेत्री, अर्जुन पोखरेल र कल्याण सिंहको संगीत, प्रविन सिंहको कोरियोग्राफी, शिवराम श्रेष्ठ (आशिकी) को छायांकन तथा बनिष शाह र मिलन श्रेष्ठको सम्पादन रहेको छ।

मौलिक नृत्यमा ईपीएस अब्बल

बेबिलोन नेसनल स्कुल शान्तिनगर, काठमाडौंले आइतबार आयोजना गरेको *दोस्रो उपत्यकाव्यापी राष्ट्रिय नृत्य तथा वाद्यवादन प्रतियोगिता*अन्तर्गत मौलिक नृत्य प्रतियोगितामा एनके सिंह मेमोरियल स्कुल ईपीएस प्रथम भएको छ।

त्यसैगरी गोल्डेन पीक हाइस्कुल द्वितीय, ग्लोबल पब्लिक स्कुल तृतीय र डिलाइट किन्डरगार्टेन मावि सान्त्वना भएको छ। प्रतियोगिताको अर्को चरणमा बागमती स्कुल, सुकेधारा पहिलो, ओडिसी इन्टरनेसनल एकेडेमी दोस्रो र डल्लु आवासीय मावि तेस्रो तथा डिलाइट किन्डरगार्टेन मावि स्कुल सान्त्वना भएको छ। विजयी विद्यालय तथा विद्यार्थीलाई राष्ट्रियगानका रचनाकार प्रदीपकुमार राई (व्याकुल माइला), बेबिलोन एजुकेसन फाउन्डेसनका अध्यक्ष तेजबहादुर राई तथा संस्थापक प्रिन्सिपल राजु राईले ट्रफी र प्रमाणपत्र प्रदान गरे।

कार्यक्रममा ९९ वर्ष प्रवेश गरेका शताब्दि पुरुष एवं इतिहास तथा संस्कृतिविद् सत्यमोहन जोशीले संगीत नै अन्तर्राष्ट्रिय भाषा भएको चर्चा गरे। सो अवसरमा जोशीलाई १५ हजार ५ सय ५५ रुपियाँ नगद र ताम्रपत्रसहित *बेबिलोन स्रष्टा सम्मान*-२०७५ बाट सम्मान गरिएको थियो।

प्रतियोगितामा उपत्यकाका २२ विद्यालयका विद्यार्थी सहभागी थिए। कार्यक्रममा व्याकुल माइलाले नेपालका मौलिक कला संस्कृति बाजागाजा र नृत्य क्रमशः लोप हुन लागेको वर्तमान अवस्थामा बेबिलोन स्कुलले त्यसको संरक्षणको लागि आयोजना गरेको प्रतियोगिताको प्रशंसा गरे।

घरहरा

झुट परियोजना

मेलम्ची खानेपानी परियोजना नेपालीका लागि नयाँ विषय होइन। परियोजना कुन जिल्लामा पर्छ भन्ने प्रश्न गर्दा धेरै नेपाली अलमलमा परे पनि मेलम्चीको पानी काठमाडौं उपत्यका आउँदै छ, ल्याइँदै छ भन्नेमा अधिकांशलाई प्रस्ट थाहा छ। मेलम्चीबारे सुन्दासुन्दा अब त आमनेपालीलाई झर्को लाग्न थाल्या छ।

मेलम्चीको पानी काठमाडौंमा कहिले खस्छ, कहिले उपभोक्ताका घरघरमा पुग्ने हो भन्नेबारेमा उपभोक्तालाई सधैं झुक्याइन्छ। 'नयाँ वर्षदेखि घर-घरमा पानी', 'आगामी दशैंदेखि मेलम्ची घर-घरमा' यस्तो दाबी उपत्यकाबासीका लागि 'डेट एक्सपायर' आश्वासन भइसक्यो। दशैंमा सम्भव नहुने भएपछि आश्वासन नयाँ वर्षका लागि धकेलिन्छ, यो पुरानै शैली हो।

सोमबार खानेपानी मन्त्री मगरले दाबी गर्दै भनिन्- 'इटालीबाट आएको ठेकेदारको उच्चस्तरीय टोलीसँग लिखित सहमति भएकाले दशैंअगाडि नै पानी ल्याइन्छ।' उनको दाबी आगामी बडा दशैंको हो। मगरले गर्‍या दाबी सुन्दा लाग्छ मेलम्चीबारे पहिलोपटक विदेशी कम्पनीसँग सहमति भएको हो। यसअघि विभिन्न कम्पनीसँग चरण-चरणमा सहमति गर्‍या अनि सहमति तोडिएको, काम ठप्प भएको नसुन्या भए पो पत्याउनु।

सुरुङ ब्रेक थ्रु भइसकेर अन्य काम अघि बढिराख्या हुनाले मेलम्ची नआउला भन्न सकिन्न, तर आगामी चैते दशैंमा चाहिँ हो कि !

आइफा अवार्डमा स्टार धमाका

बलिउडका विभिन्न चर्चित अवार्डमध्येको एक अवार्ड समारोह *आइफा अवार्ड*को १९औं संस्करण १० वर्षपछि हालै थाइल्यान्डको राजधानी बैंककमा गरिएको छ।

३ दिनसम्म चलेको अवार्ड समारोहमा बलिउडका केही स्टारले उत्कृष्ट प्रस्तुति दिएर त्यसको रौनक बढाए। बलिउडकी सदाबहार नायिका रेखाले २० वर्षपछि आइफाको स्टेज चढ्दै आफ्नो फिल्म *बरसात*को गीतमा दमदार नृत्य प्रस्तुत गर्दा उनी समारोहकै प्रमुख आकर्षण बनेकी थिइन्।

समारोहमा यस पटकको उत्कृष्ट अभिनेतृको अवार्ड अभिनेतृ स्व. श्रीदेवीले जितिन्। फिल्म *मम*बाट उनले पाएको उक्त अवार्ड पति बोनी कपुरले रिसिभ गरेका थिए। अवार्ड लिँदै गर्दा निकै भावुक भएका उनको आँखामा आँसु देखिएको थियो भने उनलाई सम्हाल्न छोरा अर्जुन कपुर स्टेजमा पुगेका थिए। त्यस्तै फिल्म *तुम्हारी सुलु*ले उत्कृष्ट फिल्म, इरफान खानले फिल्म *हिन्दी मिडियम*बाट नायक तथा यसै फिल्मबाट साकेत चौधरीले उत्कृष्ट निर्देशकको अवार्ड चुमे। अमित बी मसुसरकरले फिल्म *न्युटन*बाट उत्कृष्ट कथाको अवार्ड चुमे।

समारोहमा नायक अर्जुन कपुरले नायिका कृति सेननका साथ आकर्षक नृत्य प्रस्तुत गरेका थिए। नायक रणवीर कपुर रकस्टारको रूपमा प्रस्तुत भएका थिए। त्यसै गरी श्रद्धा कपुर र मौनी रायलगायतका कलाकारले लगातार आ-आफ्ना दमदार प्रस्तुति दिएका थिए। समारोहमा स्व. अभिनेतृ श्रीदेवी, अभिनेताद्वय विनोद खन्ना तथा शशी कपुरलाई श्रद्धाञ्जली दिइएको थियो।

किरण लमजुङ डान्स च्याम्प

लमजुङ, (नेस)। बेसीशहरमा सम्पन्न *लमजुङ डान्स च्याम्प सिजन* दुमा किरण दियाली विजयी भएका छन्। *लमजुङ डान्स च्याम्प सिजन वान*मा दोस्रो चरणबाट बाहिरिएका किरण *सिजन* दुको बिजेता भएका हुन्। उपाधिसँगै किरणले नगद ४० हजार रुपियाँ, ट्रफी, प्रमाणपत्र र गिफ्ट ह्याम्पर पाएका छन्।

७ जना फाइनलिस्टबीच भएको प्रतिस्पर्धामा बेसीशहरकी रोशनी गुरुङ *फस्ट रनर्सअप* र भोटेओडारकी सुजिना लामा *सेकेन्ड रनर्सअप* भए। पुरस्कारबापत रोशनीले २५ र सुजिनाले १५ हजार रुपियाँ पाएका छन्। प्रतियोगितामा आयुषा गुरुङ सान्त्वना, अनुष्का गुरुङ पाँचौं, भूमिका गुरुङ छैठौं र रिमा गुरुङ सातौं स्थानका विजेता भए।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ